# माङसेबुङ गाउँपालिका
## MANSEBUNG RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
इभाङ्ग, इलाम(EVANG,ILAM) १ न. प्रदेश, नेपाल

# ढुंगा, गिटी, बालुवा, स्लेट माटो निकासा सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना

*(इलाम पोष्ट दैनिकमा तेस्रो पटक प्रकाशित मिति २०७५ असोज २३ गते मगंलबार)*

माङसेबुङ गाँउपालिका इलामले आर्थिक बर्ष २०७५/०७६ को लागि ढुंगा, गिटी, बालुवा, स्लेट माटो निकासा सम्बन्धी मिति २०७५ असोज १५ गतेदेखि २०७६ बैशाख मसान्त सम्मका लागि ठेक्का दिइने भएकाले ईच्छुक फर्महरुलाई देहायको शर्त बमोजिम हुने गरी बोलपत्र दिन यो सुचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्काको किसिम | ठेक्का लाग्ने स्थान | ठेक्काको न्यूनतम अंक | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १/०७५/०७६ | ढुंगा गिटी, बालुवा, स्लेट माटो बिक्री | देउमाई/फाकफोक खोला अन्तर्गत दोभान र गजुरमुखीधाम आसपास, फेवा खोला र लम्फेवा खोला | ५,००,००० | रु. ५,००० |
| २/०७५/०७६ | ढुंगा गिटी, बालुवा, स्लेट माटो बिक्री | देउमाई खोला अन्तर्गत फुलुङ्गि खण्ड | १,५०,००० | रु. ५,००० |
| ३/०७५/०७६ | ढुंगा गिटी, बालुवा, स्लेट माटो बिक्री | माङसेबुङ गाँउपालिका अन्तर्गत मावा खोला, रतुवा खोला (सन्दुवा दोभान, मर्चेबुङ, सिडफेरे, घर्ती दोभान, रतुवा बेसीँ आदि), मझुवा खोला, रिखुवा खोला आदि। | २०,५०,००० | रु. ५,००० |

१। **ठेक्काको अवधीः** २०७५ असोज १५ गते देखि २०७६ बैशाख मसान्त सम्म।

२। **बोलपत्र फाराम खरिद गर्ने मिति, समय र स्थान :-** सुचना प्रकाशित भएको मितिले तेस्रो दिनसम्म कार्यालय समय भित्र माङसेबुङ गाँउपालिकाको कार्यालयबाट निर्धारित मुल्य तिरि बोलपत्र फाराम खरिद गर्न सकिनेछ। यस कार्यालयको छाप र कार्यालय प्रमुखको दस्तखत नभएको बोलपत्र फारामलाइ मान्यता दिइनेछैन।

३। एक फर्म वा संस्थाको नाममा प्रत्येक ठेक्काको एक वटा मात्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

४। **बोलपत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :-** सूचना प्रकाशित भएको मितिले तेस्रो दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरी सक्नु पर्नेछ।

५। **बोलपत्र खोल्ने मिति, समय र स्थान :-** पर्न आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले **तेस्रो** दिनको २:०० **बजे माङसेबुङ गाँउपालिका कार्यालय** र बोलपत्रदाताका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।

६। **बोलपत्र दिदा दाखिला गर्नुपर्ने धरौटी र खाता नं. :-** बोलपत्र साथ बोलपत्रदाताले कबुल गरेको अंकको ५% प्रतिशत (नेपाली नागरिकको हकमा) र विदेशी नागरिकको हकमा कबुल गरेको अंकको १०% प्रतिशतले हुन आउने रकम यस **माङसेबुङ गाँउपालिकाको** कार्यालयको **सिटिजन बैक इन्टरनेशनल** मा रहेको धरौटि खाता नं. ०६९००००००२९ CA मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वोलपत्र साथ वोलपत्रदाताको नागरिकताको प्रतिलिपि समेत संलग्न हुन पर्नेछ।

७। **धरौटी जफत हुने :-** ठेक्का स्वीकृत भएपछि सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले **तेस्रो** दिन भित्र ठेक्का पट्टा सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा राखिएको धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आव्हान गर्ने वा नगर्ने अधिकार माङसेबुङ गाँउपालिका मा सुरक्षित रहनेछ।

८। **कबोल अंक दाखिला सम्बन्धी व्यवस्था :-** उल्लेखित ठेक्काको कबोल अंक गनी महशूल रुपमा एकमुष्ठ बुझाउनु पर्ने र सो बुझाए वापत स्वीकृत कबोल अंकको १०% (दस प्रतिशत) छुट दिइनेछ।

९। **ठेक्का पट्टा पूर्जि सम्बन्धमा :-** स्वीकृत ठेक्का कबोल अंक एकमुष्ठ रुपमा माङसेबुङ गाँउपालिकाको कार्यालयमा दाखिला भएपछि मात्र ठेक्का पट्टा पूर्जि उपलब्ध गराइनेछ।

१०। **मूल्य निर्धारण :-** विभिन्न ठेक्काहरुमा ठेकेदारले उठाउन पाउने मूल्य (दररेट) सम्बन्धित बोलपत्रमा नै समावेश गरिएको छ।

११। बोलपत्रमा अंक र अक्षरमा कबोल अंक बेग्ला बेग्लै स्पष्ट रुपमा लेख्नु पर्नेछ। केरमेट वा नबुझिने भएमा अक्षरलाई मान्यता दिइनेछ।

१२। ठेकेदारको कारणबाट बाहेक अन्य कारणले कार्यालयबाट ठेक्का तोडिन गएको अवस्थामा सम्पूर्ण सम्झौता रकमलाई दामासाहीमा विभाजन गरी प्रति महिना प्रति दिनको रकम कायम गरी ठेकेदार वा कार्यालयले पाउने रकम निर्धारण गरिनेछ।

१३। उपर्युक्त अवस्थामा बाहेक ठेकेदारले क्षतिपूर्ति वा मिनाहा इत्यादी कार्यालायसँग माग गर्न पाउनेछैन।

१४। ठेक्का चलन गर्दा कुनै पनि किसिमको बाधा अड्चन आई परेमा ऐन नियम तथा सम्झौताको परिधी भित्र रही कार्यान्वयन गर्नु गराउनु पर्नेछ साथै कार्यालय र ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ र सो लाई ठेकेदारले मान्नु पर्नेछ।

१५। **रसिदको व्यवस्था :-** ठेक्का चलन गर्दा यस कार्यालयले तोके बमोजिमको रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाँप र रसिद नम्बर दाखिला गरी मात्र कर दस्तुर उठाउँदा प्रयोगमा ल्याउनु पर्नेछ।

१६। **अधिकार :-** कारण जनाई वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने अधिकार गाँउपालिकामा सुरक्षित रहनेछ। बोलपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुनेछैन साथै हुलाक सेवा, कुरियर सेवा वा विद्युतीय संचार माध्यमबाट पठाइएको बोलपत्र स्विकार्य हुनेछैन।

१७। ठेक्का सँग सम्बन्धित अन्य शर्तहरु सम्बन्धित ठेक्काको वोलपत्र फाराममा उल्लेख गरिएको छ।

१८। **अन्य जानकारी :-** अन्य थप जानकारीको लागि कार्यालयमा टाँस भएको सूचना हेर्न सकिने , **माङसेबुङ गाँउपालिकाको बेबसाइट** www.mansebungmun.gov.np , र कार्यालय समय भित्र फोन नम्बर ९८५२६८५४४५ वा ९८४२७६७२८८ वा ९८२४९६३१३३ मा सम्पर्क राख्न सकिनेछ। माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्टको मिति र समय कायम हुनेछ।